आज मिति २०७७ साल असार ३१ गतेका दिन यस शाँफेबगर नगरपालिकाका नगर प्रमुख श्री कुल बहादुर कुँवर ज्यूको अध्यक्षतामा आ.व. २०७७/७८ को ३६औं कार्यपालिका बैठक देहाय बमोजिमको उपस्थितीमा बसी निम्नानुसारका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो।

उपस्थिती:

| | |
|---|---|
| १. श्री कुल बहादुर कुँवर | अध्यक्ष |
| २. श्री निर्मला देवी बुढ़थापा | सदस्य |
| ३. श्री अमर बहादुर शाह | ,, |
| ४. श्री कालु सिंह कुँवर | ,, |
| ५. श्री कृष्ण बहादुर बुढा | ,, |
| ६. श्री बालगिरी कुँवर | ,, |
| ७. श्री उजिरे साउँद | ,, |
| ८. श्री प्रेमराज शर्मा | ,, |
| ९. श्री मिठु सिंह साह | ,, |
| १०. श्री टेक बहादुर कुँवर | ,, |
| ११. श्री ध्रुव बहादुर थापा | ,, |
| १२. श्री लाल बहादुर खड्का | ,, |
| १३. श्री गणेश बहादुर खड्का | ,, |
| १४. श्री प्रकाश बहादुर रावत | ,, |
| १५. श्री सागर सिंह सोनार (बाबली) | ,, |
| १६. श्री कर्ण बहादुर साउँद | ,, |
| १७. श्री जित बहादुर निशानी (लुहार) | ,, |
| १८. श्री दुरी देवी कुँवर | ,, |
| १९. श्री सुरत बहादुर जुल्म | ,, |
| २०. श्री सावी मिजार | ,, |
| २१. श्री जयन्ती देवी बोगटी | ,, |
| २२. श्री शंकर जुला | ,, |
| २३. श्री सावित्री देवी कुँवर | ,, |
| २४. श्री शान्ति देवी ओली | ,, |
| २५. श्री पुष्प बहादुर बुढा | सचिव |

आमन्त्रित:

२६. नृप विश्वकर्मा - सहायक चौथो - स.न.पा. कार्यालय

प्रस्ताव:

१) रिपोर्टिङ,

क्रमश:

२) संविधान दिवस मनाउने सम्बन्धमा ।
३) स्थानीय तह मल वितरण समिति गठन सम्बन्धमा ।
४) अपाङ्गता परिचय-पत्र वितरण शिविर सञ्चालन गर्ने सम्बन्धमा ।
५) मदिरा व्यवस्थापन तथा नियन्त्रण समिति गठन गर्ने सम्बन्धमा,
६) श्री बेतालमाण्डौं मा.वि. रैद्रोफिरिङ, भवनको सट्टा २कोठे भवन निर्माण शीर्षक परिवर्तन गर्ने सम्बन्धमा ।
७) वैकल्पिक विधिबाट कक्षा सञ्चालन गर्ने सम्बन्धमा ।
८) नगर शिक्षा समिति सदस्य मनोनित गर्ने सम्बन्धमा ।
९) आवश्यक सहयोग सम्बन्धमा ।
१०) विकास निर्माण सम्बन्धमा ।
११) विविध
(क) कोभिड-१९ (कोरोना) बिमा सम्बन्धमा ।
(ख) करदाता शिक्षा अभिमुखीकरण कार्यक्रम सम्बन्धमा ।
(ग) खाद्य डिपो सञ्चालन सम्बन्धमा ।

निर्णय!

निर्णय नं.-१!

प्रस्ताव नं.-१ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका अन्तर्गतका १४वटै वडाहरूको पछिल्लो अवस्थाका बारेमा सम्बन्धित वडा अध्यक्षहरूबाट रिपोर्टिङ कार्य भई वडा तहमा कार्य सञ्चालन गर्दा देखिएका समस्या आदिको बारेमा प्रस्तुतीकरण पश्चात नगरपालिकामा सञ्चालित गतिविधिका साथै समसामयिक विषयमा नगर प्रमुखज्यूबाट सम्बोधन भई कार्य सञ्चालनार्थ आइपरेका समस्या तथा तिनको समाधानका लागि आपसी सहमति, समन्वय र सहकार्यका साथ अघि बढ्ने गरी रिपोर्टिङ कार्य सम्पन्न गरियो ।

निर्णय नं.-२!

प्रस्ताव नं.-२ माथि छलफल गर्दा "संविधान दिवस" २०७७ को अवसरमा यस साँफेबगर नगरपालिका स्थित सम्पूर्ण सरकारी निकाय/प्रतिष्ठान, संघ संस्था, कार्यालयमा र बजार क्षेत्रका साथै आम सर्वसाधारणले असोज २,३ र ४ गते घर-घरमा साँझमा दीप प्रज्वलन गरी भव्यरुपमा मनाउनका ~~लागि स्थानीय सञ्चार माध्यम मार्फत सूचना, सन्देश प्रसारण गर्न लगाउने~~ सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं.-३!

प्रस्ताव नं.-३ माथि छलफल गर्दा नेपाल सरकारले कृषकका लागि अनुदानमा उपलब्ध गराउने मलको स्थानीय तहमा आपूर्ति तथा वितरण व्यवस्थापन प्रभावकारी बनाउन यस नगरपालिकामा देहाय बमोजिमको स्थानीय तह मल वितरण व्यवस्थापन समिति गठन गर्ने सर्वसम्मत निर्णय पारित गरियो । क्रमशः!

Scanned with CamScanner

तपसिल!

(क) नगर उप-प्रमुख - श्री निर्मला देवी बुढथापा - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - श्री लक्ष्मी प्रसाद शर्मा - सदस्य

(ग) कृषि विकास शाखा प्रमुख - श्री हिरे सार्की - सदस्य सचिव

निर्णय नं.-४!

प्रस्ताव नं.-४ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकामा रहेका अपाङ्गता परिचय पत्र प्राप्त नगरेका वा स्थानीय तह नहुनुपूर्व साविकको महिला तथा बालबालिका कार्यालयबाट परिचय पत्र जारी भई अपाङ्गताको वर्ग नखुलेका अपाङ्गव्यक्तिहरूलाई लक्षित गरी यही मिति २०७७ साल असोज ६ गते बिहान १० बजेदेखि यस साँफेबगर नगरपालिकाको कार्यालयमा अपाङ्गता परिचय पत्र वितरण शिविर सञ्चालन गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

निर्णय नं.-५!

प्रस्ताव नं.-५ माथि छलफल गर्दा अवैध, न्यून गुणस्तरको तथा घरेलु मदिराको उत्पादन, बिक्री वितरण र भण्डारणलाई व्यवस्थित गर्न तपछिल बमोजिमको मदिरा व्यवस्थापन तथा नियन्त्रण समिति गठन गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

तपसिल!

क) नगर उपप्रमुख - श्री निर्मला देवी बुढथापा - अध्यक्ष

ख) वडा अध्यक्ष वडा नं.१ श्री अमरबहादुर शाह - सदस्य

ग) " " " -२- श्री कालु सिंह कुँवर - "

घ) " " " -३- श्री कृष्ण बहादुर बुढा - "

ङ) " " " -४- श्री बालगिरी कुँवर - "

च) " " " -५- श्री दुजिरे साउद - "

छ) " " " -६ श्री प्रेमराज शर्मा - "

ज) " " " -७- श्री मिठु सिंह शाह - "

झ) " " " -८ श्री टेक बहादुर कुँवर - "

ञ) " " " -९ श्री ध्रुव बहादुर थापा - "

ट) " " " -१० श्री लाल बहादुर खड्का - "

ठ) " " " -११ श्री गणेश बहादुर खड्का - "

ड) " " " -१२ श्री प्रकाश बहादुर रावत - "

ढ) " " " -१३ श्री सागर सिंह सोनार (बावली) - "

ण) " " " -१४- श्री कर्ण बहादुर साउँद - "

त) प्रमुख प्रशासकीय अधिकृत श्री लक्ष्मी प्रसाद शर्मा सदस्य सचिव

निर्णय नं. ६!

प्रस्ताव नं.-६ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका वडा नं.-१०, छुड्छुड(कोरेमा) क्षमा,

अवस्थित श्री बेतालमाण्डौं प्रा.वि. मा रेट्रोफिटिङ भवनको सट्टा २ कोठे भवन निर्माण योजना समावेश गर्नुपर्ने भएकोले उक्त योजनाको शीर्षक बेतालमाण्डौं प्रा.वि. २ कोठे भवन निर्माण योजना कायम गरी शीर्षक परिवर्तन गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

निर्णय नं. ७!

प्रस्ताव नं.- ७माथि छलफल गर्दा कोभिड-१९ का कारण हाल बन्द अवस्थामा रहेका विद्यालयहरुमा विद्यार्थीहरुलाई वैकल्पिक विधि मार्फत कक्षा सञ्चालन गरी पठनपाठन कार्य नियमित गर्नुपर्ने भएकोले यस साँफेबगर नगरपालिका स्थित शिक्षा युवा तथा खेलकुद विकास शाखाको संयोजनमा उच्चतम विद्यालय (मा. वि.) का प्र० अ० र नगर शिक्षा समितिबीच अन्तरक्रियात्मक कार्यक्रम मसी को आयोजना यही मिति २०७७ साल असोज २ गते दिनको १२ बजे नगरपालिकामा गर्ने गरी आयोजना गर्न शिक्षा युवा तथा खेलकुद विकास शाखालाई निर्देशन गर्ने र उक्त अन्तरक्रिया कार्यक्रमको सुझाव तथा निष्कर्षका आधारमा अघि बढ्ने सर्वसम्मत निर्णय पारित गरियो।

निर्णय नं.- ८!

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाको नगर शिक्षा समितिमा देहाय बमोजिमका सदस्यहरु मनोनीत गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

(क) नगर प्रमुख - श्री कुल बहादुर कुँवर - अध्यक्ष
(ख) प्रमुख प्रशासकीय अधिकृत - श्री लक्ष्मी प्रसाद शर्मा - सदस्य
(ग) सामाजिक विकास समिति - श्री अमर बहादुर शाह - ॥
(घ) - श्री जयन्ती देवी बोगटी - ॥
(ङ) दलित/अल्पसंख्यक प्रतिनिधि - श्री शम्भु मियाँ - ॥
(च) शिक्षा प्रेमी - श्री नन्दकला भट्टराई - ॥
(छ) निजी विद्यालय व्य.स. अध्यक्ष - श्री भरत बहादुर कुँवर - ॥
(किन्डर गार्डेन इ.बो.)
(ज) सामुदायिक विद्यालय (राष्ट्रिय मा.वि. बाब्ला) अध्यक्ष - श्री नैन ब. नेपाली - सदस्य
(झ) शिक्षक महासंघ (नगर समिति) अध्यक्ष - श्री धर्मेन्द्र बहादुर शाह - ॥
(ञ) शिक्षा अधिकृत - श्री हिरादत्त भट्ट - सदस्य सचिव
(ट) कार्यपालिकाको तर्फबाट का.पा. सदस्य श्री जीत बहादुर मिश्राली (लुहार) = सदस्य

निर्णय नं.- ९!

प्रस्ताव नं. ९ माथि छलफल गर्दा विगत केही समय देखि दुर्व मृगौला अस्वस्थ भई काठमाण्डौंमा उपचाररत रेडियो साफाइटी एफ. एम. का पत्रकार श्री ध्रुव वि. सी. को उपचारको लागि रु. ५०,०००।- (पचास हजार) आर्थिक सहयोग उपलब्ध गराउन प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने सर्वसम्मत निर्णय पारित गरियो। साथै मंगलसेन जिल्ला कारागारलाई २ वटा रंगीन टेलिभिजन सेट उपलब्ध गराउन समेत अख्तियारी दिने निर्णय गरियो।

क्रमशः

Scanned with CamScanner

नि. नं.-१०।

प्रस्ताव नं.-१० माथि छलफल गर्दा यस वर्षको अत्यधिक वर्षाका कारण नगरपालिका क्षेत्रमा रहेका नदी तथा खोलामा आएको बाढीले नगरपालिकाका विभिन्न स्थानहरूमा गरेको भू-क्षय, पहिरो तथा जमिन कटान कार्यको तत्काल रोकथाम तथा नियन्त्रण गर्ने कार्यका लागि ग्याबेन जाली खरिद तथा भरान कार्यको तपसिल बमोजिम रकम भुक्तानीका लागि प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने सर्वसम्मत निर्णय पारित गरियो।

तपसिल :

(क) तारजाली खरिद थान रकम रु.

(ख) बुढीगंगा नदी दुवै डेढ मल्लोबगड र रोयाखाल ४२ थान जाली भरान रकम रु.

(ग) खिरसमझाडी २० थान जाली भरान रकम रु.

(घ) भागेश्वर कालाभाम तटबन्धन रकम रु. १ लाख

(ङ) ढुङ्काबगड लघु जलविद्युत मर्मत रु. १ लाख ५० हजार

(च) खिरसमझाडी ढुंगा भरान कार्य रकम रु. २८२०००।= (खिरसमझाडी तटबन्धन)

(छ) साँफेहाटबजार नाली सरसफाई कार्यक्रम रु. २० हजार

निर्णय नं.-११।

प्रस्ताव नं. ११ विविध (क) माथि छलफल गर्दा विश्व महामारीको रूपमा रहेको कोरोना भाइरसको सम्भावित संक्रमणका साथै यसको उपचारमा हुनसक्ने संभावित वित्तीय जोखिमलाई मध्यनजर गरी साँफेबगर नगरपालिकाबासीहरूलाई कोरोना बिमाको दायरामा ल्याई कोरोना रोगको उपचार खर्चमा जोखिम कम गर्नका लागि पारिवारिक कोरोना बिमा गर्ने। गराउने कार्यमा आ-आफ्नो वडा क्षेत्रका नागरिकहरूलाई सुसूचित गर्न १४ वटै वडा कार्यालयहरूलाई निर्देशन गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

निर्णय नं.-१२।

प्रस्ताव नं. ११ ~~(ख)~~ विविध (ख) माथि छलफल गर्दा साँफेबगर नगरपालिकाका क्षेत्रका विभिन्न बजारहरूमा व्यापार व्यवसाय गरिरहेका व्यापारीहरूलाई सरकारको पछिल्लो कर नीतिका बारेमा ~~समय~~ समय सापेक्ष रूपमा अद्यावधिक गराउनका लागि यस नगरपालिकाको वडा नं. ३, साँफेहाटबजार र वडा नं. ४, साँफेबगर एयरपोर्ट बजारमा करदाता शिक्षा अभिमुखीकरण कार्यक्रमको आयोजना गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

निर्णय नं.-१३।

प्रस्ताव नं.-११ विविध (ग) माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकामा खाद्य डिपो सञ्चालन गरिदिन हुन खाद्य व्यवस्था तथा व्यापार कम्पनि लि. शाखा कार्यालय मंगलसेन अछाममा अनुरोध गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

Scanned with CamScanner